नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाडौं

सचिव

# बाली उपचार शिबिर कार्यक्रम सञ्चालन कार्यबिधि, २०८१

**प्रस्तावनाः**

नेपालमा सन् २००८ देखि बाली उपचार शिविर कार्यक्रमको शुरुवात गरी किसानहरुलाई सेवा प्रदान गर्दै आइएको छ। सरकारी स्तरमा सन् २०११ मा तत्कालिन बाली संरक्षण निर्देशनालय र क्याब इन्टरनेशनल बीच औपचारिक सम्झौता भई प्लान्ट वाइज कार्यक्रम अन्तर्गत बाली उपाचार शिबिर कार्यक्रम सन्चालन भएको थियो। नेपालमा यस कार्यक्रम शुरुवात भएको एक दशकभन्दा बढि समय बितिसक्दा पनि अझै कार्यक्रमको सञ्चालन प्रकृया, सोको तथ्याङ्क व्यवस्थापन, कृषि प्रबिधि प्रसार सामग्री निर्माण र अनुगमन मुल्यांकन जस्ता कार्यहरूको लागि संघीय स्तरमा कुनै पनि नीतिगत तथा कानूनी व्यवस्थाको प्रबन्ध हुन सकेको छैन।कार्यक्रम सन्चालन गर्ने सन्दर्भमा केही प्रादेशिक मन्त्रालयको स्तरबाट र केही स्थानीय तहबाट नीतिगत व्यवस्था गरी कार्यक्रम सन्चालन गरेको पाइएको छ।तसर्थ यस कार्यक्रमको सञ्चालन प्रक्रियाको एकरुपताको लागि कार्यविधिको अपरिहार्यता देखिएको छ।विरुवा क्वारेन्टाइन तथा संरक्षण ऐन, २०६४ ले विरुवा तथा विरुवाजन्य उपजको निकासी पैठारी गर्दा बाली शत्रुजीवको प्रवेश, स्थापना तथा फैलावट रोकी देशको जैविक सुरक्षाको जोखिमलाई न्यूनीकरण गर्न सहयोग पुग्ने तथा कृषि वस्तुको व्यापार प्रबर्द्धन गर्न टेवा पुग्ने कानूनी आधार, जीवनाशक विषादी व्यवस्थापन ऐन, २०७६ को दफा २० मा वनस्पतिजन्य र जैविक विषादीको उत्पादन र प्रयोगलाई प्रोत्साहन गर्नु पर्ने उल्लेख भएको तथा उक्त ऐनको दफा ४३ मा रासायनिक विषादीको प्रयोगबाट वातावरण, मानव, पशुपन्छी, जलचर, विरुवा लगायतका स्वास्थ्यमा पर्न सक्ने असरलाई न्यूनीकरण गर्न तथा जैविक विषादीको प्रबर्द्धनको लागि विकल्पका रुपमा विशेष कार्यक्रम सञ्चालन गर्न सक्ने प्राबधान रहेको हुँदा सोही ऐनको दफा ४५ ले दिएको अधिकार प्रयोग गरी कृषि तथा पशुपञ्छी विकास मन्त्रालयले यो कार्यविधि बनाएको छ।

## परिच्छेद- १
## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः**

यस कार्यविधिको नाम "**बाली उपचार शिबिर कार्यक्रम सञ्चालन कार्यबिधि, २०८१**" रहेको छ।

यो कार्यविधि स्वीकृत भएको मिति देखि प्रारम्भ हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

(क) **"बाली उपचार शिबिर कार्यक्रम"** भन्नाले कृषकको बिभिन्न बालीनालीमा आईपर्ने प्राबिधिक समस्याहरुको सम्बन्धित प्लान्ट डाक्टरले प्रकृयागत तवरले पहिचान गरी व्यवस्थापनको लागि सिफारिस उपलब्ध गराउने कार्यक्रमलाई बुझ्नुपर्छ।

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरवार, काठमाण्डौं

सचिव

(ख) **"नियमित बाली उपचार शिविर"** भन्नाले कुनै निश्चित अवधिको अन्तराल (हप्ता वा १५ दिन वा महिना) मा वर्षभरि वा कुनै खास बाली अवधिमा एक पटक भन्दा बढि पटक सञ्चालन गरिने शिविरलाई बुझ्नुपर्छ।

(ग) **"घुम्ती बाली उपचार शिविर"** भन्नाले स्थानीय पालिकाको विभिन्न वडा तथा क्षेत्रहरुमा बाली विरुवाका समस्याको गाम्भिर्यता तथा प्राथमिकताका आधारमा घुम्ती रुपमा सञ्चालन गरिने शिविरलाई बुझ्नुपर्छ।

(घ) **"प्लान्ट डाक्टर"** भन्नाले बाली उपचार शिविर सञ्चालन गर्ने दक्ष कृषि प्राविधिक बुझ्नुपर्छ।

(ङ) **"शिविर सहजकर्ता"** भन्नाले बाली उपचार शिविर सञ्चालन गर्दा प्लान्ट डाक्टरलाई सहजीकरण गर्ने प्राविधिक व्यक्ति बुझ्नुपर्छ ।

(च) **"मन्त्रालय"** भन्नाले कृषि तथा पशुपन्छी विकास मन्त्रालय भन्ने बुझ्नुपर्छ।

(छ) **"केन्द्र"** भन्नाले प्लान्ट क्वारेन्टाइन तथा विषादी व्यवस्थापन केन्द्र भन्ने बुझ्नुपर्छ।

(ज) **"विभाग"** भन्नाले कृषि विभाग भन्ने बुझ्नुपर्छ।

(झ) **"कार्यालय"** भन्नाले प्रदेश/जिल्ला/पालिका स्थित सम्बन्धित कृषि ज्ञान केन्द्र/कृषि विकास कार्यालय वा स्थानिय पालिका स्थित कृषि शाखा बुझ्नुपर्छ।

(ञ) **"प्रदेश तथ्याङ्क प्रबन्धक"** भन्नाले कृषि हेर्ने प्रदेश स्थित मन्त्रालयले तोकेको कृषि विकास निर्देशनालय वा बाली संरक्षण प्रयोगशालाको कुनै एक वरिष्ठ /बाली संरक्षण अधिकृतलाई बुझ्नुपर्छ।

(ट) **"राष्ट्रिय तथ्याङ्क प्रबन्धक"** भन्नाले राष्ट्रिय विरुवा संरक्षण संगठन प्रमुखले तोकेको केन्द्रको बरिष्ठ/बाली संरक्षण अधिकृत बुझ्नुपर्छ।

३. उद्देश्यः बाली उपचार शिविर कार्यक्रमको उद्देश्य देहाय बमोजिमको हुनेछ-ः

(क) कृषकको बालीनालीमा लाग्ने रोग/कीरा तथा शत्रुजीव व्यवस्थापनको सही पहिचान गरी फिल्डस्तरमै उपयुक्त प्रविधि सिफारिस गर्ने।

(ख) बाली उत्पादनमा हुने क्षति न्यूनीकरण तथा उत्पादन लागत कम गराउने।

(ग) बाली उपचार शिविरमा प्राप्त नमूनाहरु तथा तिनीहरुको निदानको तथ्याङ्क अभिलेखीकरणले राष्ट्रिय शत्रुजीव सूची तयार हुने र शत्रुजीव जोखिम विश्लेषणमा सहयोग पुग्ने।

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरवार, काठमाडौं
सचिव

(घ) सुरक्षित तथा पञ्जीकृत जीवनाशक विषादीको न्यायोचित प्रयोग गर्दै वातावरण संरक्षणमा सहयोग पुर्याउने।

(ङ) कृषकको प्राविधिक समस्याहरू समाधान गर्न प्राबिधिक सेवा प्रदायकहरुको क्षमता अभिबृद्धि गर्ने।

(च) बालीनालीमा नयाँ शत्रुजीवहरु देखा परेमा समयमै उचित व्यवस्थापनका लागि सचेतना फैलाउन भुमिका खेल्ने।

(छ) कृषि प्रसार कार्यक्रमको औजारको रुपमा कृषि अनुसन्धान र प्रसारलाई कृषकहरुसँग जोड्ने पुलको रुपमा काम गर्ने।

## परिच्छेद-२
## कार्य सञ्चालन प्रकृयाः

### ४. बाली उपचार शिबिर सम्बन्धि प्रशिक्षण

(१) **सहभागीः** बाली उपचार शिबिर सम्बन्धी प्रशिक्षणमा सहभागिको योग्यता देहाय बमोजिमको हुनेछ।

(क) कृषिमा स्नातक उत्तीर्ण गरेको व्यक्ति वा कृषि सेवाको अधिकृत स्तरको व्यक्ति वा

(ख) नायब /प्राविधिक सहायक पदमा कम्तिमा ३ वर्ष कार्य अनुभव भएको व्यक्ति वा एकीकृत शत्रुजीव व्यवस्थापनको प्रशिक्षक प्रशिक्षण पूरा गरेको तथा कम्तीमा १०+२ उत्तीर्ण गरेको साथै दश वटा कृषक पाठशालाहरु सञ्चालन गरेको कुनै अगुवा कृषक वा जिल्लास्तरको कृषि हेर्ने कार्यालयको सिफारिसमा नायब /प्राविधिक सहायक पदको योग्यता पुगेको र ३ वर्ष कार्य अनुभव भएको सामुदायिक व्यवसाय सहजकर्ता तालिमको लागि योग्य हुनेछ।

(२) **प्रशिक्षक र योग्यताः** बाली उपचार शिबिर प्रशिक्षण मोड्युलहरूको प्रशिक्षक प्रशिक्षण (Training of Trainers (ToT)) मुख्य प्रशिक्षकले सञ्चालन गर्नेछ। मुख्य प्रशिक्षक हुनका लागि कृषि विज्ञानमा स्नातकोत्तर पूरा गरी बाली संरक्षण विधामा कम्तिमा अधिकृतस्तरमा काम गरेको र बाली उपचार शिबिर प्रशिक्षण मोड्युलहरूको प्रशिक्षक प्रशिक्षण (Training of Trainers (ToT)) प्राप्त गरेको हुनुपर्नेछ। स्रोत व्यक्तिका रुपमा कार्य गर्नका लागि कृषि विज्ञानमा कम्तिमा स्नातकोत्तर पूरा गरी बाली संरक्षण विधामा कम्तिमा अधिकृत स्तरमा कार्य गरेको वा सो सम्बन्धी विज्ञता हाँसिल गरेको वा अध्यापन वा अनुसन्धानमा संलग्न व्यक्तिले श्रोत व्यक्तिको रुपमा प्रशिक्षण दिन सक्नेछ।

सचिव

(३) **तालिम पाठ्यक्रमः** बाली उपचार शिविर प्रशिक्षण मोड्युलहरूको प्रशिक्षक प्रशिक्षणमा देहायको विषय वस्तुहरु हुनेछन् ।

(क) प्लान्ट क्लिनिक मोड्युल १ र २

(ख) बाली शत्रुजीव व्यवस्थापन निर्णय मार्ग निर्देशन (Pest Management Decision Guide, PMDG) को विकास गर्ने तालिम तथा लेखनशाला (Write-shop),

(ग) बाली उपचार शिविर तथ्यांक व्यवस्थापन सम्बन्धी तालिम र शत्रुजीव पहिचान विशेष तालिम लगायतका विभिन्न मोड्युलहरू हुनेछन् ।

(घ) शिविर सञ्चालनका लागि कम्तिमा मोड्युल १ र २ को तालिममा सहभागी भई परीक्षा उत्तीर्ण गर्नुपर्छ।

(ङ) प्रत्येक मोड्युल कम्तिमा चौविस कार्य घण्टा वा चार कार्य दिन सञ्चालन हुनु पर्नेछ।

**५. बाली उपचार शिविर सञ्चालनः**

**(क) प्लान्ट डाक्टरः** कृषि विज्ञानमा कम्तिमा स्नातक पास गरेको वा बाली संरक्षण विधामा कम्तिमा ३ वर्ष कार्य गरेको र बाली उपचार शिविर सञ्चालन सम्बन्धी मोड्युल १ र २ को तालिममा सहभागी भई परीक्षा उत्तीर्ण भएको व्यक्ति प्लान्ट डाक्टरको लागि योग्य हुनेछ।

**(ख) शिविर सहजकर्ताः** कम्तिमा बाली उपचार शिविर सञ्चालन सम्बन्धी मोड्युल-१ र २ को तालिममा सहभागी भई परीक्षामा उत्तीर्ण भएको व्यक्ति बुझ्नुपर्छ।

**६. सञ्चालन प्रकृया तथा अनिबार्य शर्तहरुः**

**(क)** बाली उपचार शिविर सञ्चालन केन्द्र वा कृषि विभाग मातहतका कार्यालयहरु वा कृषि अध्ययन तथा अनुसन्धानमा संलग्न निकायहरु वा प्रदेशको बाली संरक्षण प्रयोगशाला वा कृषि ज्ञान केन्द्र वा कृषि विकास कार्यालय वा स्थानीय तहको कृषि शाखा वा कृषि कार्यमा संलग्न गैर-सरकारी संस्थाहरुले सञ्चालन गर्न सक्नेछन्।

**(ख)** कार्यालयले आफ्नो जिल्लाको आवस्यकता अनुसार वा त्यस क्षेत्रका समुह/समितिको माग एवमं सेवाको पहुँच नपुगेका तथा व्यावसायिक खेती भएको वा शत्रुजीवको समस्या बढि भएको वा रासायनिक विषादीको अत्याधिक प्रयोग हुने क्षेत्रमा शिविर सञ्चालन गर्नुपर्नेछ र सोको जानकारी केन्द्रलाई दिनुपर्नेछ।

**(ग)** बाली उपचार शिविरको स्थान सकेसम्म धेरैजसो कृषकहरुलाई पायक पर्ने स्थानमा हुनुपर्नेछ र सोको जानकारी कम्तीमा ३ दिन अगावै सम्बन्धित स्थानका कृषकहरुलाई दिनुपर्नेछ।

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाडौं

सचिव

(घ) कार्यक्रम सम्भव भएसम्म बिहानको समयमा सञ्चालन गर्नुपर्नेछ।

(ङ) बाली उपचार शिबिर सञ्चालन गर्दा उपस्थित ज्येष्ठ नागरिक, फरक क्षमता भएका र महिला किसानलाई प्राथमिकता दिनुपर्नेछ।

(च) प्रत्येक समस्यालाई कार्बन प्रतिको साथ फरक फरक सुझाब पत्रमा प्रविष्ट गरि सुझाव लेख्नु पर्नेछ, जसबाट १ प्रति कृषकहरूलाई दिनुपर्नेछ र अर्को प्रति तथ्याङ्क ब्यवस्थापनका लागि राख्नु पर्नेछ।

(छ) बाली उपचार शिबिरमा आएका किसानलाई कुनै पनि रासायनिक विषादी वितरण गर्न पाइने छैन।

(ज) बाली उपचार शिबिर समाप्त भएपछि, सबै नमूनाहरूलाई कम्तिमा २ फिट गहिरो खाडलमा पुरी वा जलाएर सुरक्षित विसर्जन गर्नु पर्नेछ।

(झ) प्लान्ट डाक्टरले कृषकहरुलाई उपलब्ध गराउने सुझाव पत्रको ढाँचा अनुसूची-१ बमोजिम हुनुपर्नेछ।

(ञ) कृषि ज्ञान केन्द्र/कृषि विकास कार्यालय वा सम्बन्धित पालिकाको कृषि शाखाका प्लान्ट डाक्टर वा शिबिर सहजकर्ताले बाली उपचार शिबिरमा आएका समस्याहरुको तथ्याङ्क प्रविष्ट गरी सम्बन्धित प्रदेशको तथ्याङ्क प्रबन्धकलाई १ हप्ताभित्र पठाउनुपर्नेछ। प्रदेश तथ्याङ्क प्रबन्धकले उक्त विवरण १५ दिनभित्र (डिजिटल समेत) केन्द्रमा पठाउनुपर्नेछ।

(ट) कृषि विभाग मातहतका निकायहरुले बाली उपचार शिबिर सञ्चालन पश्चात सोको तथ्याङ्क १ हप्ता भित्र केन्द्रमा पठाउनु पर्नेछ।

(ठ) राष्ट्रिय तथा अन्तरराष्ट्रिय गैर-सरकारी संस्थाहरुबाट बाली उपचार शिबिर सञ्चालन गर्नु भन्दा कम्तीमा १० दिन अगाडि केन्द्रलाई सोको जानकारी दिनुपर्नेछ साथै उक्त संस्थाहरुले शिबिरमा कृषकहरुलाई प्रदान गर्ने सिफारिस पत्रको ढाँचा केन्द्रले तोकेअनुसार हुनुपर्नेछ। साथै उक्त संस्थाले शिबिरमा संकलन गरेको बाली शत्रुजीवको तथ्याङ्क १५ दिन भित्र (डिजिटल समेत) केन्द्रलाई पठाउनुपर्नेछ।

(ड) बाली उपचार शिबिर आफ्नो अनुकुल र आवस्यकता अनुसार घुम्ती वा नियमित शिबिर सञ्चालन गर्न सक्नेछन्।

७. **अपेक्षित प्रतिफलः**

(क) कृषकका बालीमा देखिएका रोग, कीरा तथा अन्य समस्याहरुको सही पहिचान तथा सोको व्यवस्थापनको विधि थाहा हुने हुँदा क्षति कम गर्नका लागि सहयोग पुग्नेछ।

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाडौं

सचिव

(ख) बालीका शत्रुजीवको सही पहिचान तथा व्यवस्थापन साथै उक्त जीवका प्राकृतिक शत्रुजीवहरु बारे प्राविधिक जानकारी भई सुधारका लागि कृषक स्वयं सक्षम हुनेछ।

(ग) रासायनिक विषादी तथा मलखादको जथाभावी प्रयोगलाई व्यवस्थित गरी बाली उत्पादन लागत कम हुने।

(घ) वातावरण संरक्षण तथा मानव स्वास्थ्यमा सुधार ल्याउन यस कार्यक्रम प्रभावकारी सिद्ध हुनेछ।

(ङ) बाली उपचार शिबिर सञ्चालन क्षेत्रको रोग कीराको अभिलेख तयार भई भावी बाली संरक्षण कार्यक्रम तय गर्न सहयोग पुग्नेछ।

**८. बाली उपचार शिबिर तथ्याङ्क अभिलेखीकरण र व्यवस्थापनः**

(क) राष्ट्रिय रुपमा शत्रुजीवहरुको अभिलेख (National Pest Record) तयार गर्न बाली उपचार शिबिरहरुमा संकलन भएको शत्रुजीव सम्बन्धि तथ्याङ्कलाई सुझाब पत्र (भौतिक वा इलेक्ट्रोनिक) मार्फत प्लान्ट डाक्टरले केन्द्रले तोकेको ढाँचामा प्रविष्ट गर्नेछ।

(ख) बाली उपचार शिबिर सञ्चालन पश्चात प्रदेश तथ्याङ्क प्रबन्धकले सुझाब पत्रमा संलग्न विवरणलाई पूनः अद्यावधिक गरी केन्द्रमा पठाउनु पर्नेछ।

(ग) बाली उपचार शिबिर तथ्याङ्कको (Database) राष्ट्रिय स्तरमा केन्द्रबाट अनुगमन गरिनेछ र विभिन्न शत्रुजीवहरुको अवस्था बारे समय/समयमा प्रदेशहरूलाई सूचित गराइनेछ।

(घ) बाली उपचार शिबिरहरुमा संकलन भएको तथ्याङ्कको दिगो रुपमा अभिलेख कायम गर्न केन्द्रले केन्द्रीय निकायको रुपमा भूमिका खेल्नेछ।

(ङ) बाली उपचार शिबिर तथ्यांक प्रबन्धक बाली उपचार शिबिर कार्यक्रममा संलग्न रहेको र तथ्यांक व्यवस्थापन तालिम लिएको हुनुपर्नेछ।

(च) केन्द्रले बाली उपाचार शिबिरमा संकलन भएको तथ्याङ्कको गुणस्तरीय अभिलेखीकरणको लागि सो सम्बन्धमा अभिलेख व्यवस्थापन तथा प्रमाणीकरण सम्बन्धि तालिम सञ्चालन गर्नेछ।

**९. शत्रुजीव व्यवस्थापन निर्णय मार्गदर्शन (PMDGs) र तथ्यपत्र (Fact sheet) तयारः**

(क) एक प्रभावकारी सल्लाहकार प्रणालीको लागि, किसानहरूको लागि परामर्शको गुणस्तरीय, निष्पक्ष, आर्थिक, व्यावहारिक, र स्वीकार्य सामग्री हुनु महत्त्वपूर्ण छ।

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाडौं

सचिव

(ख) केन्द्र वा कार्यालयले सम्बन्धित सरोकारवालाहरू र विशेषज्ञहरूसँग समन्वय गरी सामग्री तयारी कार्यशालाहरू आयोजना गर्नेछन्। सामग्रीले शत्रुजीव व्यवस्थापनको लागि सुरक्षित विकल्पहरूमा केन्द्रित रहि आई.पि.एम. को सिद्धान्तहरू पालना गर्नुपर्नेछ।

(ग) PMDG र Fact sheet जस्ता निर्णय सामाग्रीहरु विकास गर्न सात वटै प्रदेशमा कार्यशाला सञ्चालन गर्न प्रशिक्षकहरूको पहिचान गरिनुपर्छ।

(घ) अन्य प्रदेश तथा स्थानीय निकायहरुबाट प्रकाशित निर्णय मार्गदर्शन, तथ्यपत्र तथा अन्य शैक्षिक/तालिम सामाग्रीहरु केन्द्रले प्रकाशन गरेको ढाँचामा हुनुपर्नेछ।

## परिच्छेद-३
## निकायगत निकायको भूमिका तथा दायित्व

**१. सङ्घीय कृषि विकास तथा पशुपन्छी विकास मन्त्रालयः**

(क) कार्यक्रम सञ्चालनका लागि आवश्यक नीति, रणनीति, निर्देशिका, कार्यविधि स्वीकृति गर्ने ।

(ख) सरोकारवालाहरुले सम्पादन गर्ने कार्यहरुको अनुगमन, मूल्याङ्कन र प्रभाव अध्ययन गर्ने, गराउने।

**२. प्रदेश कृषि मन्त्रालयः**

(क) मातहतका कार्यालयहरुमा बाली उपचार शिविर कार्यक्रम सञ्चालनको लागि आवस्यक नीतिगत तथा जनशक्ति व्यवस्थापन गर्ने ।

(ख) सञ्चालन भएका बाली उपचार शिविर कार्यक्रमहरुको अनुगमन तथा नियमन गरी गुणस्तर कायम गर्ने, गराउने।

(ग) कार्यक्रम कार्यान्वयनका क्रममा आइपर्ने नीतिगत बाधा अड्चन फुकाउन निर्णय गर्ने, गराउने।

**३. प्रदेश कृषि विकास निर्देशनालयः**

(क) मातहतका कार्यालयहरुमा शिविर सञ्चालनको लागि आवस्यक कार्यक्रम तर्जुमा तथा बजेट व्यवस्थापन गर्ने गराउने।

(ख) सञ्चालित कार्यक्रमको अनुगमन, मूल्याङ्कन र प्रभावकारिता अध्ययन गर्ने, गराउने

(ग) उल्लेखित कृयाकलापहरु सञ्चालनको लागि प्राविधिक पृष्ठपोषण गर्न वार्षिकरुपमा कम्तिमा एक पटक सरोकारवालाहरुको प्राविधिक बैठक (Provincial Cluster Meeting) आयोजना गर्ने।

**४. प्लान्ट क्वारेन्टाइन तथा विषादी व्यवस्थापन केन्द्रः**

(क) कार्यक्रम सञ्चालनमा केन्द्रीय निकायको रुपमा नेतृत्वदायी भूमिका निर्वाह गर्ने।

(ख) शिबिरहरुबाट आएका तथ्याङ्कहरुलाई पनि आधार मानि बाली शत्रुजीवहरुको सर्भे सर्भिलेन्स तथा पेश्ट डाटाबेश तयार गरी शत्रुजीव जोखिम विश्लेषण गर्ने।

(ग) शिविर सञ्चालनको लागि प्रशिक्षक प्रशिक्षण तालिमको व्यवस्था गर्ने, गराउने।

(घ) बाली उपचार शिबिरसँग सम्बन्धित विज्ञहरुको रोष्टर तयार गर्ने।

(ङ) बाली उपचार शिबिर कार्यक्रमको गुणस्तर कायम गर्न अनुगमन तथा नियमन कार्य गर्ने, गराउने।

(च) बाली उपचार शिबिरसँग सम्बन्धित अन्तर्राष्ट्रिय संघ संस्थासँग समन्वय, सहकार्य तथा सम्बन्धन सम्बन्धी राष्ट्रिय मान्यता प्राप्त संस्थाको रुपमा कार्य गर्ने। शिबिर सञ्चालनको क्रममा कृषकको फिल्डमै तथा स्वदेशी विभिन्न निकायहरुको प्रयोगशालामा पनि पहिचान हुन नसकेका बाली तथा शत्रुजीवका नमूनाहरु सम्बन्धित अन्तर्राष्ट्रिय प्रयोगशालाहरुमा पठाउनको लागि समन्वय गर्ने, गराउने ।

(छ) उल्लेखित कृयाकलापहरु सञ्चालनको लागि प्राविधिक पृष्ठपोषण गर्न वार्षिकरुपमा कम्तिमा एक पटक सरोकारवालाहरुको प्राविधिक बैठक (National Forum Meeting) आयोजना गर्ने।

**५. नेपाल कृषि अनुसन्धान परिषद्**

(क) बाली उपचार शिबिर तथा यस सम्बन्धी प्राविधिक विषयमा राय सल्लाह उपलब्ध गराउने।

(ख) बाली उपचार शिबिर तथा यस सम्बन्धी प्रशिक्षणहरुमा स्रोत व्यक्ति उपलब्ध गराउने।

सचिव

(ग) शिविर सञ्चालनको क्रममा पहिचान हुन नसकेका शत्रुजीवको अनुसन्धान, पहिचान गरी व्यवस्थापनको लागि परामर्श प्रदान गर्ने।

(घ) शिविरहरुबाट संकलन गरिएका तथ्याङ्कका आधारमा संगठनले गर्ने शत्रुजीब जोखिम विश्लेषण कार्यमा योगदान तथा संगठनसंग समन्वय गरि प्रतिवेदनहरु तयार गर्ने ।१

(ङ) केन्द्रले तयार गर्ने पेष्ट डाटावेस कार्यमा प्रभावकारी भूमिका निर्वाह गर्ने।

(च) बाली रोग,कीरा साथै अन्य शत्रुजीवहरु सम्बन्धी रेफरल प्रयोगशालाको दायित्व निर्वाह गर्ने ।

**६. कृषि विभागः**

(क) मातहतका कार्यालयहरुमा शिविर सञ्चालनको लागि आवस्यक कार्यक्रम तर्जुमा तथा बजेट व्यवस्थापन गर्ने गराउने।

(ख) सञ्चालित कार्यक्रमको अनुगमन, मूल्याङ्कन र प्रभावकारिता अध्ययन गर्ने, गराउने।

**७. कृषि विश्वविद्यालयहरुः**

(क) बाली उपचार शिविर सम्बन्धी विषयवस्तुहरु शैक्षिक पाठ्यक्रममा समावेश गर्नको लागि आवस्यक व्यवस्था गर्ने, गराउने।

(ख) बाली उपचार शिविर सञ्चालन तथा अध्ययन अनुसन्धान गर्ने, गराउने।

(ग) बाली उपचार शिविर तथा यस सम्बन्धी प्राविधिक विषयमा राय सल्लाह उपलब्ध गराउने।

(घ) बाली उपचार शिविर तथा यस सम्बन्धी प्रशिक्षणहरुमा स्रोत व्यक्ति उपलब्ध गराउने।

**८. स्थानिय तहका कृषि महाशाखा/शाखाः**

(क) शिविर सञ्चालनको लागि आवस्यक कार्यक्रम तर्जुमा तथा बजेट व्यवस्थापन गर्ने गराउने।

सञ्चालित कार्यक्रमको अनुगमन, मूल्याङ्कन र प्रभावकारिता अध्ययन गर्ने, गराउने

**९. विकास साझेदार निकायः**

(क) शिविर सञ्चालनको लागि प्रशिक्षक प्रशिक्षण तालिमको व्यवस्था गर्ने, गराउने

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाडौं

सचिव

## परिच्छेद -४
## कार्यदल गठन

**१. केन्द्रीय बाली उपचार शिबिर सञ्चालन तथा नियमन प्राविधिक कार्यदलः**

बाली उपचार शिविर सम्बन्धि कार्यक्रमहरुको बारेमा मन्त्रालयलाई नीतिगत राय तथा सुझाबहरु उपलब्ध गराउन साथै यस कार्यक्रमको प्रभाबकारी कार्यान्वयनको सन्दर्भमा आएका प्राविधिक समस्याहरुको हल गर्ने उद्देश्यले केन्द्रमा देहाय बमोजिमका सदस्यहरु भएको एक प्राविधिक कार्यदल रहनेछ।

सहसचिब, कृषि तथा पशुपन्छी व्यवसाय प्रबर्द्धन महाशाखा, अध्यक्ष
प्रमुख, प्लान्ट क्वारेन्टाइन तथा विषादी व्यवस्थापन केन्द्र, सदस्य
वरिष्ठ बाली संरक्षण अधिकृत कृषि विभाग हरिहरभवन, ललितपुर, सदस्य
प्रमुख, राष्ट्रिय बाली रोग अनुसन्धान केन्द्र, सदस्य
प्रमुख, राष्ट्रिय कीट विज्ञान अनुसन्धान केन्द्र, सदस्य
प्रतिनिधी, कृषि विश्वविद्यालय, सदस्य
प्रतिनिधी, बाली संरक्षण क्षेत्रमा कार्य गर्ने गै.स.सं., सदस्य
वरिष्ठ/ बाली संरक्षण अधिकृत, प्लान्ट क्वारेन्टाइन तथा विषादी व्यवस्थापन केन्द्र- सदस्य सचिब

**२. प्राविधिक कार्यदलको काम, कर्तव्य र अधिकारः**

(क) राष्ट्रिय रुपमा बाली उपचार शिबिर सम्बन्धि कार्यक्रमहरु सञ्चालनको लागि सम्बन्धित सरोकारवालाहरुसँग समन्वय र साझेदारी गर्ने साथै बाली उपचार शिविर सम्बन्धि राष्ट्रिय कार्य योजना तर्जुमा तथा मन्त्रालयमा स्वीकृतिको लागि केन्द्रलाई सिफारिस गर्ने।

(ख)बाली उपचार शिबिर सम्बन्धी कार्यक्रमहरुको प्रभाबकारिताको लागि यस कार्यमा संलग्न जनशक्तिको क्षमता तथा दक्षतामा सुधार ल्याउन अन्तरराष्ट्रिय संघ संस्थाहरुसँग समन्वय गरी कार्यक्रम सञ्चालन गर्ने।

(ग) बिरुवा तथा बिरुवाजन्य उपजहरुको व्यापार गर्दा भित्रिन सक्ने हानिकारक शत्रुजीवहरुको जोखिम विश्लेक्षणको लागि बाली उपचार शिबिरबाट प्राप्त तथ्याङ्कहरुलाई प्रयोग गर्न सहजीकरण गर्ने।

(घ) नेपालमा कुनै प्राकृतिक विपद,दैवी प्रकोप, खाद्य असुरक्षा तथा महामारीको समयमा विदेशबाट सहायता स्वरुप आयात हुने खाद्य सामाग्रीहरु मार्फत विगतमा क्वारेन्टाइन

शत्रुजीवहरु आगमन भएको तथ्यलाई मध्येनजर गरी बाली उपचार शिबिरमा सम्लग्न प्लान्ट डाक्टर र सम्बन्धित निकायहरुलाई सही सूचना संकलन तथा विश्लेषणको लागि प्रेरित गर्ने।

(ङ) बाली उपचार शिविर सम्बन्धमा अध्ययन अध्यापन गर्ने कृषि तथा वनसँग सम्वन्धित विश्वविद्यालयहरुका विषयगत पाठ्यक्रमहरु राष्ट्रिय आवस्यकता अनुसार नयाँ पाठ्यक्रमहरु निर्माण एवं परिमार्जन गर्न आवश्यक नीतिगत तथा विषयगत पृष्टपोषण दिने।

(च) बाली उपचार शिबिर कार्यक्रम सम्बन्धी अध्ययन तथा अनुसन्धानका प्राथमिक क्षेत्रहरु पहिचान गरि सो सम्वन्धि कार्य गर्न अनुसन्धान गर्ने निकायहरुलाइ प्राविधिक मार्गदर्शन गर्ने।

(छ) बाली उपचार शिबिरमा संकलन भएका शत्रुजीवको डाटावेस अध्यावधिक गर्न वहुनिकायगत विद्युतीय संजाल विकास गरि कर्यान्वियनमा ल्याउन केन्द्रीय तथा प्रादेशिक निकायहरुलाई अनुरोध गर्ने।

(ज) यस कार्यविधिमा उल्लेखित विषयका अतिरिक्त प्रचलित कानूनले तोकेका क्रियाकलापहरु कार्यान्वयन गर्नका लागि आवश्यक नर्मसहरू तयार गरि स्वीकृतिको लागि मन्त्रालयमा पेश गर्न सिफारिस गर्ने.

(झ) बाली उपचार शिबिर सम्बन्धि अन्तराष्ट्रिय संघ संस्थाहरुले विकास र निर्माण गरेका नवीनतम प्रविधिहरुः CABI PRA Tool, Horizon Scanning Tool, CABI Academy लगायतको प्रयोग र अनुशरणको लागि केन्द्रलाई सिफारिस गर्ने ।

## ३. प्रादेशिक बाली उपचार शिबिर प्राविधिक कार्यदल

बाली उपचार शिविर सम्बन्धि कार्यक्रमहरुको बारेमा प्रादेशिक मन्त्रालयलाई नीतिगत राय तथा सुझाबहरु उपलब्ध गराउन साथै यस कार्यक्रमको प्रभाबकारी कार्यान्वयनको सन्दर्भमा आएका प्राविधिक समस्याहरुको हल गर्ने उद्देश्यले प्रदेशमा देहाय बमोजिमका सदस्यहरु भएको एक प्राविधिक कार्यदल रहनेछ।

प्रमुख, कृषि विकास निर्देशनालय, अध्यक्ष
वरिष्ठ/बाली संरक्षण अधिकृत, बाली संरक्षण प्रयोगशाला, सदस्य
प्रतिनिधि, प्रदेशमा अवस्थित कृषि अनुसन्धान केन्द्र, सदस्य
प्रतिनिधी, कृषि विश्वविद्यालय, सदस्य
प्रतिनिधी, आई. पि. एम. कृषक सन्जाल
प्रतिनिधी, बाली संरक्षण क्षेत्रमा कार्य गर्ने गै.स.सं., सदस्य

बाली संरक्षण अधिकृत, बाली संरक्षण प्रयोगशाला, सदस्य- सदस्य सचिब

**४. प्रादेशिक कार्यदलको काम, कर्तव्य अधिकार**

(क) सम्बन्धित प्रदेशमा बाली उपचार शिबिर सम्बन्धि कार्यक्रमहरु सञ्चालनको लागि सरोकारवालाहरुसँग समन्वय र साझेदारी गर्ने साथै बाली उपचार शिविर सम्बन्धि प्रादेशिक कार्य योजना तर्जुमा गरी प्रदेश मन्त्रालयमा स्वीकृतिको लागि निर्देशनालयलाई सिफारिस गर्ने।

(ख) बाली उपचार शिबिर सम्बन्धी कार्यक्रमहरुको प्रभाबकारिताको लागि यस कार्यमा संलग्न जनशक्तिको क्षमता तथा दक्षतामा सुधार ल्याउन राष्ट्रिय संघ संस्थाहरुसँग समन्वय गरी कार्यक्रम सञ्चालन गर्ने।

(ग) यस कार्यविधिमा उल्लेखित विषयका अतिरिक्त प्रदेशको प्रचलित कानूनले तोकेका क्रियाकलापहरु कार्यान्वयन गर्नका लागि आवश्यक नर्मसहरू तयार गरि स्वीकृतिको लागि मन्त्रालयमा पेश गर्न सिफारिस गर्ने।

(घ) बाली उपचार शिबिर सञ्चालन पश्चात संकलन भएको तथ्याङ्कहरुलाई अद्यावधिक गरी केन्द्रलाई उपलब्ध गराउन सम्बन्धित प्रयोगशाला तथा कृषि ज्ञान केन्द्रलाई निर्देशन दिने।

(ङ) विभिन्न अन्तराष्ट्रिय संघ/संस्थाहरुले विकास र निर्माण गरेका नवीनतम प्रविधिहरुः CABI PRA Tool, Horizon Scanning Tool, CABI Academy जस्ता प्राविधिक विषयमा दक्षताको लागि बाली उपचार शिबिरमा संलग्न कृषि प्राविधिकहरुलाई तालिमको व्यवस्था गर्न निर्देशनालय मार्फत केन्द्रमा सिफारिस गर्ने।

(च) प्रदेशमा सञ्चालित बाली उपचार शिविर सम्बन्धी कार्यक्रमहरुको अनुगमन मुल्याङ्कन गर्ने।

## परिच्छेद-५

**५. अनुगमन तथा मुल्याङ्कनः**

(क) यस कार्यक्रमको अनुगमन मन्त्रालय, विभाग, केन्द्र तथा प्रदेश स्थित कृषि कार्यालयहरुले गर्नेछन् र सोको प्रतिवेदन केन्द्र समक्ष पठाउनुपर्नेछ ।

(ख) प्लान्ट क्वारेन्टाईन तथा बिषादी व्यवस्थापन केन्द्र (PQPMC) वा सम्बन्धित प्रदेश मन्त्रालयहरूले बाली उपचार शिबिर तालिम, बाली उपचार शिबिर कार्यक्रम, तथ्यांक व्यवस्थापन प्रणाली र तालिम तथा शिबिर सामग्री विकासको गुणस्तर

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाडौं

सचिव

नियन्त्रणको लागि बाली उपचार शिविर अनुगमन र मूल्याङ्कन अधिकारीको रूपमा अधिकृत कर्मचारीलाई जिम्मेवारी दिन सक्नेछन।

**६. प्रचलित कानून बमोजिम हुने:**

यस कार्यविधिमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएता पनि कार्यक्रमको लेखा, लेखांकन, लेखा परीक्षण तथा आर्थिक कारोबार गर्दा आर्थिक कार्यविधि ऐन, २०५५, आर्थिक कार्यविधि नियमावली, २०६४, सार्बजनिक खरिद ऐन, २०६३ तथा खरिद नियमावली, २०६४ बमोजिम गरिनेछ ।

**७. आर्थिक पक्ष:**

(१) बाली उपचार शिविर (प्लान्ट डाक्टरले सञ्चालन गर्ने)

| क्र. सं. | विवरण | इकाइ | परिमाण | नियमित बाली उपचार शिविर | | घुम्ती बाली उपचार शिविर | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | | दर (रु.) | जम्मा रकम रु.) | दर (रु.) | जम्मा रकम (रु.) | |
| १ | प्रचार प्रसार, व्यानर तथा व्यवस्थापन खर्च | पटक | १ | २००० | २००० | ३५०० | ३५०० | |
| २ | प्लान्ट डाक्टर तथा विज्ञ | संख्या | बढिमा २ जना | १६०० | ३२०० | १६०० | ३२०० | दै.भ्र.भ. नियमानुसार |
| ३ | शिबिर सहजकर्ता | संख्या | बढिमा २ जना | ११०० | २२०० | ११०० | २२०० | |
| ४ | शिबिर सहयोगी | पटक | १ | ५०० | ५०० | ५०० | ५०० | |
| ५ | शिविर सञ्चालनकर्ताको लागि यातायात तथा खाजा खर्च | पटक | १ | २५०० | २५०० | ५००० | ५००० | |
| ६ | शत्रुजीव सम्बन्धी तथ्यपत्र तथा PMDG छपाई तथा वितरण | पटक | १ | २००० | २००० | ३००० | ३००० | |
| ७ | तथ्यांक/प्रतिवेदन तयार | पटक | १ | १००० | १००० | १००० | १००० | |
| **जम्मा रकम** | | | | | १३४०० | | १८४०० | |

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाडौं

सचिव

(२) बाली उपचार शिविर (प्रा.स./ना.प्र.स.) ले सञ्चालन गर्ने

| क.सं. | विवरण | इकाइ | परिमाण | नियमित बाली उपचार शिविर | | घुम्ती बाली उपचार शिविर | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | | दर | जम्मा रु. | दर | जम्मा रु. | |
| १ | प्रचार प्रसार, व्यानर तथा व्यवस्थापन खर्च | पटक | १ | २००० | २००० | ३५०० | ३५०० | |
| २ | प्लान्ट डाक्टर तथा विज्ञ | संख्या | १ जना अनिवार्य | १६०० | १६०० | १६०० | १६०० | दै.भ्र.भ. नियमानुसार |
| ३ | शिविर सहजकर्ता | संख्या | बढिमा २ जना | ११०० | २२०० | ११०० | २२०० | |
| ४ | शिविर सहयोगी | पटक | १ | ५०० | ५०० | ५०० | ५०० | |
| ५ | शिविर सञ्चालनकर्ताको लागि यातायात तथा खाजा खर्च | पटक | १ | २००० | २००० | ५००० | ५००० | |
| ६ | तथ्यपत्र तथा PMDG छपाई तथा वितरण | पटक | १ | २००० | २००० | ३००० | ३००० | |
| ७ | तथ्यांक/प्रतिवेदन तयार | पटक | १ | १००० | १००० | १००० | १००० | |
| कुल जम्मा रु. | | | | | ११३०० | | १६८०० | |

(३) बाली उपचार शिविर (कृषक सहजकर्ता तथा सामुदायिक व्यवसाय सहजकर्ताले सञ्चालन गर्ने)

| क.सं. | विवरण | इकाइ | परिमाण | नियमित बाली उपचार शिविर | | घुम्ती बाली उपचार शिविर | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | | दर | जम्मा रु. | दर | जम्मा रु. | |
| १ | प्रचार प्रसार, व्यानर तथा व्यवस्थापन | पटक | १ | २००० | २००० | ३५०० | ३५०० | |

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाडौं

सचिव

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | खर्च | | | | | | | |
| २ | प्लान्ट डाक्टर तथा विज्ञ | संख्या | १ जना अनिबार्य | १६०० | १६०० | १६०० | १६०० | दै.भ्र.भ. नियमानुसार |
| ३ | शिबिर सहजकर्ता | संख्या | बढिमा २ जना | ७०० | १४०० | ७०० | १४०० | |
| ४ | शिबिर सहयोगी | पटक | १ | ५०० | ५०० | ५०० | ५०० | |
| ५ | शिबिर सञ्चालनकर्ताको लागि यातायात तथा खाजा खर्च | पटक | १ | २००० | २००० | ५००० | ५००० | |
| ६ | शत्रुजीव सम्बन्धी तथ्यपत्र तथा PMDG छपाई तथा वितरण | पटक | १ | २००० | २००० | ३००० | ३००० | |
| ७ | तथ्यांक/प्रतिवेदन तयार | पटक | १ | १००० | १००० | १००० | १००० | |
| **कुल जम्मा रु.** | | | | | **१०५००** | | **१६०००** | |

८. **थपघट वा हेरफेर गर्न सक्नेः** यो कार्यविधिको कार्यान्वयनलाई थप व्यवस्थित र प्रभावकारी बनाउन मन्त्रालयले आवस्यकता अनुसार यस कार्यविधिमा थपघट, हेरफेर तथा खारेज गर्न सक्नेछ। यस कार्यविधिको कार्यान्वयनमा कुनै बाधा अबरोध र अस्पष्टता आएमा त्यस्तो बाधा अवरोध फुकाउने प्रयोजनका लागि मन्त्रालयले आवस्यकता अनुसार ब्याख्या गर्न सक्नेछ ।

९. **अमान्य हुनेः** यस कार्यविधिको कुनै व्यवस्था प्रचलित कानूनसँग बाझिएमा बाझिएको हदसम्म अमान्य हुनेछ।

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाण्डौ

# अनुसूची १: वाली उपचार शिवीर सिफारीश पत्र

मिति: Date | गते Day | महिना Month | वर्ष Year | शिविर कोड Clinic Code ☐☐☐☐☐☐☐ | प्लान्ट डक्टर Plant doctor

## कृषक जानकारी FARMER INFORMATION

नाम Name | लिंग Sex ☐ पुरुष Male ☐ महिला Female

जिल्ला District | स्थान Location | गाउ Village | फोन नं Phone

## नमुना जानकारी SAMPLE INFORMATION

वाली Crop | जात Variety | नमुना लिएको Sample brought ☐ छ Yes ☐ छैन No

## वृद्धि अवस्था DEVELOPMENT STAGE

☐ बेर्ना Seedling ☐ वानस्पतिक Intermediate ☐ फुल फुल्ने Flowering
☐ फल लाग्ने Fruiting ☐ पाकेको Mature ☐ कटानी पछि Post harvest

☐ बीउ Seed ☐ जरा Root ☐ फेद Stem base ☐ काण्ड Stem ☐ हागा Twig/branch
☐ पात Leaves ☐ फुल Flower ☐ फल Fruit/grain ☐ पुरा वोट Whole plant ☐ टुप्पो Shoot

## देखिएको समय र असर पारेको क्षेत्र WHEN FIRST SEEN AND AREA

शुरुमा देखिएको वर्ष | रोपिएको क्षेत्रफल

☐ वर्ग मीटर Sq.meter ☐ रोपनी Ropanni ☐ हेक्टर Hectares ☐ वोट संख्या Number

## वालीमा असर प्रतिशत % CROP AFFECTED

☐ 100% ☐ 50%
☐ 75% ☐ 25% ☐ <25%

## अनुमानित उत्पादन PREDICTED YIELD

%Yield loss

## मुख्य लक्षणहरु: MAJOR SYMPTOMS

☐ ओइलाएको Wilted ☐ होचो Stunted ☐ पात झरेको Leaf fall ☐ मोजाइक Leaf blotch/mosaic ☐ खटिरा भएको Blistered ☐ सतहमा वृद्धि Surface growth ☐ सुकेको Drying ☐ कुहिएको Rots
☐ पहेलिएका Yellowed ☐ टुप्पोवाट मरको Dieback ☐ पातमा थोप्ला Leaf spot ☐ पात किनारा जलेका Leaf edge scorch ☐ विकृत भएको Distorted ☐ कीरा देखिएको Insect/mite seen ☐ प्वाल परेको Bore holes (stem/fruit) ☐ रगिंन धब्बा Staining
☐ असमान्य रंग Abnormal colour ☐ कुचोजस्तो Witches Broom ☐ धर्का Streak ☐ चपाएको Chewed ☐ साना पात Small leaves ☐ घाउ Cankers (stem lesions) ☐ फल झरेको Fruit drop ☐ सुनिएको Galls/swellings

## खेतमा लक्षणको फैलावट DISTRIBUTION OF SYMPTOMS WITHIN FIELD

☐ निश्चित स्थान Localised ☐ छछरिएको SScattered ☐ क्रमवद्ध Linear ☐ किनारा Field margin ☐ एकनास Even ☐ निश्चित जात Certain varieties ☐ एक विरुवा Individual plants ☐ पाखो High areas ☐ खेत Low areas



सचिव

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाण्डौ

## समस्या वर्णन DESCRIBE PROBLEM

महत्वपूर्ण लक्षण केही भए थप (Additional information - Include key observed symptoms, plant parts affected, etc.)

## जिवको प्रकार /जैविक TYPE OF ORGANISM: BIOTIC

☐ ढुसी Fungi ☐ जिवाणु Bacteria ☐ कीरा सुलसुले Insect/Mite ☐ जुका Nematode ☐ शंकाण Virus ☐ फइटोप्लाज्मा Phytoplasma ☐ झारपात Weed ☐ नजानिएको Unknown

## समस्याको प्रकार /अजैविक TYPE OF PROBLEM: ABIOTIC

☐ खाद्य तत्व Nutrient ☐ वतावरण Environment ☐ नजानिएको Unknown

## निदान DIAGNOSIS (नया समस्याको लागि नया सीटको प्रयोग गरौ Start a new sheet for each new

कीरा/रोग/झार/ अन्य समस्याको नाम
Pest /disease/weed

## तत्कालको नियन्त्रण CURRENT CONTROL

हाल गर्दै आएको तरिका
Practices used

## व्यवस्थापनको लागि शिफरिश RECOMMENDATIONS FOR MANAGEMENT

☐ समस्या अवलोकन Monitor problem ☐ खेती तरिका Cultural ☐ जैविक Biological ☐ अवरोधक जात Host resistance ☐ ढुसीनासक Fungicides ☐ कीटनासक Insecticides ☐ सुलसुलेनासक Acaricides ☐ जुकानासक Nematicides ☐ धुवाउने Fumigants ☐ झारनासक Herbicides

**FOLLOW UP ACTIVITIES:**

| नमुना प्रयोगशाला पठाएको Sample sent to lab | तथ्य पत्र दिएको Fact sheet given | खेत निरिक्षण व्यवस्था Field visit arranged |
|---|---|---|
| ☐ हो Yes ☐ होइन No | ☐ हो Yes ☐ होइन No | ☐ हो Yes ☐ होइन No |

सचिव

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाडौं

सचिव

# अनुसूची-२

## मोड्युल-१

## खेतमा निदान तथा बाली उपचार शिविर सञ्चालन (*Field diagnosis and operation of clinic*)

### पहिलो दिन

| संकेत नं. | अभ्यास | कक्ष |
|---|---|---|
| १ | दर्ता (Registration) | |
| C1-1 | व्यक्तिगत विवरण (Personal profile) | |
| P1-1 | मोड्युल १ को परिचय (Introduction of Module-1) | १ |
| C1-2 | विरुवा तथा तिनको वैज्ञानिक नाम (Crop and its Scientific Name) | |
| F1-1 | लक्षणहरुको बर्णन (Describing Symptoms) | २ |
| P1-2 | लक्षण सम्वन्धी विश्वव्यापी गाइड (Global Guide of Symptoms) | ३ |
| C1-3 | ABC: फोटो सहित प्रथम निदान (ABC: First Diagnosis with Photos) | ४ |
| P1-3 | बारीमा निदान (Diagnosis in Field) | |
| | **दोस्रो दिन** | |
| F1-2 | ABC: विरुवा सहित प्रथम निदान(ABC: First Diagnosis with plants) | १ |
| P1-4 | विरुवाका स्वास्थ्य समस्याका कारणहरु (Causes of plant Health Problems) | २ |
| H1-1 | रोगको कारणहरु (Causes of Ill- Health) | |
| F1-3 | विरुवा सहित दोश्रो निदान (Second diagnosis with plants (diagnosis to group) | ३ |
| P1-5 | कुशल पहिचानकर्ता कसरी बन्ने (How to be a detective) | |
| C1-4 | सामान्य लक्षणहरु र तिनका कारणहरु (Common symptoms and their causes (part 1) | ४ |
| C1-5 | सामान्य लक्षणहरु र तिनका कारणहरु Common symptoms and their causes (part 2) | |
| P1-6 | सामान्य लक्षणहरु र तिनका कारणहरु Common symptoms and their causes | |
| H1-2 | सामान्य लक्षणहरु र शत्रुजीवहरुको तालिका (Table of common symptoms and pests) | |
| | **तेस्रो दिन** | |

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाडौं

सचिव

| संकेत नं. | अभ्यास | कक्ष |
|---|---|---|
| P1-7 | प्रमुख पोशकतत्वहरुको पोशण चक्र (Nutrient cycles of major nutrients) | १ |
| F1-4 | नमूनाको संकलन गर्ने र पठाउने (Collecting and sending samples) | |
| P1-8 | नमूनाको संकलन (Collecting samples) | |
| P1-9 | विरुवा रोगका लक्षण सन्दर्भ (Symptoms in context) | २ |
| C1-6 | तस्विर सहित दोस्रो निदान (Second diagnosis with photos) | |
| P1-10 | बाली उपचार शिविरको व्यवस्थापन कसरी (How to manage a clinic) | ३ |
| C1-7 | अन्तरबार्ता कसरी सुन्ने ( How to listen to interviews) | |
| P1-11 | अन्तरबार्ताबाट सिकाइ (Learning from interviews) | |
| F1-5 | अन्तरबार्ता तथा नमूना अवलोकन (Interviews and observations of symptoms) | |
| C1-8 | सिफारिस पत्र कसरी लेख्ने, भर्ने र दर्ता गर्ने (How to write a prescription and complete the register) | ४ |
| | **चौथो दिन** | |
| | नमूना बाली उपचार शिविर विहान सन्चालन गर्ने (Pilot plant clinics in morning) | १, २, ३ |
| | बाली उपचार शिविरको मूल्याङ्कन दिउँसो गर्ने (Evaluation of clinics: afternoon) | ४ |
| | परीक्षा (Exam) | |
| C1-9 | तालिम विषयवस्तुहरु मूल्याङ्कन (Evaluation of course) | |
| | सामुहिक फोटो (Group photos) | |
| | प्रमाणपत्र वितरण (Certificate Presentation) | ३० मिनेट |

**C** – Class exercise
**F** – Field exercise
**P** – Presentation (PowerPoint)
**H** – Hand-out (information sheet)

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाडौं

सचिव

# अनुसूची - ३

## मोड्युल -२

### विरुवाको स्वास्थ्य हेरबिचार तथा सल्लाह दिने कला (*Plant health care and the art of advice*)

| संकेत नं. | अभ्यास | समय (मिनेट) |
|---|---|---|
| | **पहिलो दिन** | |
| C2-1 | व्यक्तिगत विवरण (Personal profile) | १५ |
| H2-1 | तालिमको तालिका (Schedule for training) | |
| P2-1 | मोड्यूल २ को परिचय (Introduction to Module 2) | १० |
| C2-2 | स्पष्ट भनेको के हो (What is obvious?) | २० |
| P2-2 | विरुवाका बत्रुजीवका क्षतिका लक्षणहरु (Symptoms of plants) | १५ |
| C2-3 | ABC 2 | ४० |
| P2-3 | Big 5 | १० |
| | **दोस्रो दिन** | |
| C2-4 | विरुवका शत्रुजीवको समुहीकरण (Grouping of plant pests) | ३० |
| H2-2 | विरुवका शत्रुजीवको समुहीकरण (Grouping of plant pests) | १० |
| P2-4 | पहिलो क्लिक फोटो (First click Photography) | १५ |
| C2-5 | व्यवस्थापनका उपायहरुको समुहीकरण भाग १ (Grouping of management options Part1) | ४० |
| C2-6 | व्यवस्थापनका उपायहरुको समुहीकरण भाग २ Grouping of management options Part 2 | २० |
| P2-5 | शत्रुजीव नियन्त्रणका स्थानिय पक्षहरु (Spatial aspects of control) | १० |
| C2-7 | आधारभुन नियन्त्रणका उपायहरुको गाइड (Basic guide to control options) | ४० |
| C2-8 | रासायनिक उपायहरुको समुहिकरण (Grouping of chemical inputs) | ३० |
| P2-6 | किटनाशक तथा ढुसीनाशक विषादीको कार्य प्रकृति (Insecticide and fungicide mode of action) | ३० |
| P2-7 | रासायनिक नियन्त्रणका केही सिमितताहरु ( Limitation of chemical control) | १० |
| | **तेस्रो दिन** | |
| C2-9 | गैर रासायनिका व्यवस्थापन विधिहरुका समुहीकरण (Grouping of non-chemical management options) | ३० |
| P2-8 | गैर-रासायनिक नियन्त्रण विधिकका राम्रा र नराम्रा पक्षहरु(Pros and Cons of non- | १५ |

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाडौं

सचिव

| संकेत नं. | अभ्यास | समय (मिनेट) |
|---|---|---|
| | chemical control) | |
| C2-10 | अनपयुकत सल्लाह (Inappropriate advice) | ३० |
| P2-9 | नियन्त्रणका आर्थिक पक्ष (Economies of control) | २० |
| C2-11 | निश्चित समस्याहरु र तिनको प्रविधि (Technologies for specific problems) | ४० |
| P2-10 | विषादीको सुरक्षित प्रयोग (Safe use of pesticides) | ३० |
| P2-11 | विषादीको रातो, हरियो र पहेंलो सूची (Red green yellow listings of pesticides) | १५ |
| C2-12 | व्यक्तिगत सुरक्षण उपकरणको प्रयोग (Use of personal protective equipment) | १० |
| | **चौथो दिन** | |
| C2-13 | विषादीको ठीक प्रयोग (Correct use of pesticides) खराब अभ्यास (malpractice) | १५ |
| C2-14 | रासायनिक विषादी विक्रेतासँग छलफलको शुरुवात (Beginning the dialogue with Agro -Chemical dealers) | १५ |
| P2-12 | विरुवाको डाक्टर बन्दाका कठिनाईहरु (Difficulties of being a plant doctor) | १५ |
| C2-15 | विरुवा डाक्टरका अनुभवहरु आदानप्रदान तथा छलफल (Plant doctors' experiences guided discussion). | ३० |
| P2-13 | परीक्षा (Exam) | ३० |
| | प्रमाणपत्र वितरण (Certificates) | २० |
| P2-16 | तालिमको मूल्याङ्कन (Evaluation) | १५ |
| | सामुहिक फोटो (Group photo) | १० |

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाण्डौ

सचिव

## अनुसूची -४

### बाली उपचार शिबिरमा आवश्यक सामाग्रीहरु:

(क) सुझाब पत्र (Plant Clinic Data Collection Form/Prescription Sheet)

(ख) हाते लेन्स (Hand Lens),

(ग) चक्कु

(घ) सेतो कागज (साना कीराहरू अवलोकन गर्न)

(ङ) अखबारको पाना (नमूनाहरू प्याक गर्न)

(च) प्लास्टिकका झोलाहरू (नमूनाहरू कार्यस्थल सम्म ढुवानी गर्न)

(छ) केन्द्र तथा अन्य संस्थाहरुबाट प्रकाशन भएका बाली विरुवाका शत्रुजीव तथा मित्रजीवहरुको फोटो

(ज) सन्दर्भ सामग्री (जस्तै PMDGs, तथ्यपत्रहरू, पुस्तिकाहरू, पोस्टरहरू, पर्चाहरू आदि)

(झ) कार्यक्रमको लागि ब्यानर

(ञ) नमूनाहरू जाँच गर्ने सहजताको लागि कुर्सी, पाल आदि।

(ट) सम्भव भए सम्म खुला मैदानमा, ल्यापटप, कम्प्यूटर, USB, माइक्रोस्कोप।